कार्यपालिकाको ५० औं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष
मितिः २०८१ साल कार्तिक महिनाको ३० गते शुक्रबार
अध्यक्षताः श्रीमान् वेग प्रसाद गर्वुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान् वेग प्रसाद गर्वुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ वहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक वहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल वहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

श्री हरिश्चन्द्र ढकाल, प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव

आमन्त्रित उपस्थितिः श्री [illegible] वी.क. वडाध्यक्ष. वडा नं ४

श्री अशोक रिजाल, शिक्षा अधिकृत
श्री सोम वहादुर खत्री, योजना अधिकृत
श्री सागर पौडेल, लेखापाल
श्री सावित्री गर्वुजा पुन, रोजगार संयोजक

प्रस्तावहरुः

१. अपाङ्गता(प्रारम्भिक पहिचान) विद्यालय तह सम्बन्धमा ।

२. राष्ट्रपति रनिङ शिल्ड सम्बन्धमा ।

३. जनप्रिय मा.वि.को खेलमैदानमा कवर्ड हल निर्माण सम्बन्धमा ।

४. विविध ।

निर्णयहरुः

**निर्णय नं. १)** सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि अपाङ्गता प्रारम्भिक पहिचान प्रयोजनार्थ सम्वन्धित विद्यालयका शिक्षकहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २)** मालिका गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड मिति २०८१/०८/१५ देखि १७ गते सम्म सञ्चालन गर्ने भनि मिति २०८१/०७/२८ गतेको प.अ. वैठकवाट निर्णय भएकोमा उक्त निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ३)** चालु आ.व. २०८१/०८२ मा जनप्रिय मा.वि. को खेलमैदानमा कवर्ड हल निर्माण गर्न प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४)** कार्यालय प्रयोजनका लागि चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको चालु खर्च तर्फ सवारी साधन तथा मेशिनरी औजार भाडा शिर्षकवाट पिक अप वोलेरो जीप भाडामा लिनका लागि प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ५)** आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको विपदजन्य क्षतिवाट पुनर्निमाण तथा राहत वितरण (पालिकास्तरीय) शिर्षकमा विनियोजित रु. १० लाख बजेटबाट ३ नं. वडाको विपद् शिर्षकका लागि अपुग रकम रु. १ लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६)** मालिका गाउँपालिका वडा नं. ५ मगरदाङ ठाडोवाटो निवासी श्री धन वहादुर रानाको घर मिति २०८१/०७/१८ गते अचानक राती २:०० वजे आगलागी भई घर जलेर नष्ट भएकोले निजलाई पूर्ण क्षतिको लाभग्राहीमा कायम गरी घर पुर्ननिर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समिति, म्याग्दीमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७)** आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको विपदजन्य क्षतिवाट पुनर्निमाण तथा राहत वितरण (पालिकास्तरीय) शिर्षकमा विनियोजित रु. १० लाख बजेटवाट तल्लो

Scanned with CamScanner

वजार दरवाङ्ग ढलको पाइप खरिद कार्यको लागि प्राविधिक स्टिमेट वमोजिम रु ९१०२५.५७ बराबरको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ८) कवाडी कर (पुनः प्रयोग तथा पुनः प्रशोधनहुने सामानहरु मालिका गाउँपालिकावाट वाहिर निकासा हुदाँ) को लागि न्युनत रकम १,००,००० (एक लाख) मु.अ.क. वाहेक तोकी तत्काल दरभाउ पत्रको आव्हानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।